अवैधरूपमा नेपालबाट भारतमा हरियो मटरको निकासी

■ आर्थिक संवादाता
विराटनगर, चैत १०

नेपालबाट भारतमा हरियो मटरको अवैध रूपमा निकासी भईरहेको पाईएको छ । यहाका केही ट्रेडिङ कारोवारीले हरियो मटर भारतमा निकासी गर्न थालेपछि नेपालमा मटरको अभाव देखिएको छ ।

तेस्रो मुलुकबाट आयात हुदै आएको हरियो मटर कारोबारीहरूले मोरंगको नेपाल तर्फको सीमावर्ती क्षेत्रबाट अवैध रूपमा भारततर्फ निकासी गर्न थालेपछि पछिल्लो समय बजारमा हरियो मटरको मुल्य अत्यधिक महगिएको छ । हरियो मटरको मांग उच्च रहेपनि बजारमा भने हरियो मटरको अभाव नै रहेको व्यवसायीहरु बताउँछन् । भारत निकासी गर्दा हरियो मटरबाट बढी मुनाफा हुने भएकाले हरियो मटरका ट्रेडिङ कारोवारीको धन्धा पछिल्लो समय मौलाएको हो । नेपाल भारत सीमानाका बन्द भएको भएता पनि प्रहरीको सेटिङ्ग मै कारोवारीले मोरङ जिल्लाको दक्षिणपूर्वी सीमा क्षेत्रबाट अवैध चोरी निकासी गराउने गरेको उच्चस्रोतले जनाएको गरेको छ । अहिले हरियो मटर तस्करीको सँजाल खुला रहेको नेपाल भारत बोर्डरबाट मोरंग जिल्लाका विभीन्न स्थान सहित विराटनगर माहानगर पालिका क्षेत्रमा रहेका विभीन्न खुला नाकाहरूको प्रयोगमा सक्रिय रहेका छन् ।

भारत र पाकिस्तान वीचमा उत्पन्न तनावले गर्दा भारतमा पाकिस्तानबाट आयात हुँदै आएको हरियो मटरमा भारत सरकारले प्रतिवन्ध लगाएको छ । उक्त प्रतिबन्धका कारण पछिल्लो समय नेपालका ट्रेडिङ कारोवारीहरूले आयात गरी स्टोर गरिएको हरियो मटर अवैध बाटो हुँदै भारत तर्फ निकासी गर्न थालेपछि नेपाली बजारमा हरियो मटरको मुल्यबृद्धि हुन पुगेको हो । पछिल्लो समय ८५ रूपैयाँ मुल्य रहेको हरियो मटरको भाउ बृद्धि भई ९० (भारतीय) रूपैया भन्दा माथी पुगेको छ । हरियो मटर भारतले नेपाली निकासीलाई प्रतिबन्ध लगाएको पनि स्रोतको भनाई छ । जसले गर्दा नेपाल भन्सारले हरियो मटर निकासीलाई रोकेको अवस्था रहेको छ । लामो समय देखि भारत लगायत तेस्रो मुलुकबाट समय अनुकुलको कारोवार गर्दै आएका ट्रेडिङ फर्महरु पछिल्लो समय सुपाडी, इलाची, काजुकिसमीस र गोल मरिचको कारोवारमा संलग्न हुँदै आएका छन् । तर पछिल्लो समय भारत र पाकिस्तान वीचको तनावका कारण पाकिस्तानबाट भारतमा आयात हुँदै आएको हरियो मटरमा समेत भारत सरकारले प्रतिवन्ध लगाएका कारण नेपाली ट्रेडिङ फर्मका सँचालकहरु हरियो मटर आयात तिर लागेका हुन् । यहाँका व्यापारीहरूले भारतको कोलकातामा एक सय कन्टेनर भन्दा बढी हरियो मटर गोदाममा स्टोर गरीराखेको स्रोतले बताएको छ । उक्त हरियो मटर कहिले नेपाल आयात हुने हो भन्ने प्रतिक्षामा कारोवारी रहेको बताइएको छ ।

विराटनगरमा आफुलाई प्रतिष्ठित दर्जाको ब्यवसायी भन्न रूचाउने विराटनगरका ट्रेडिङ कारोवारका ब्यापारी नै पछिल्लो समय हरियो मटर भारत तस्करीमा संलग्न रहेका छन् । भारतमा दैनिक हरियो मटरको माग अत्यधिक भएका कारण अहिले नेपाली ब्यवसायीहरु तेस्रो मुलुकबाट मटर आयात गरि बोरा पल्टि गरेर अवैध बाटो हुँदै पुन नेपालबाट भारत तर्फ नै पठाउने काममा संलग्न भएको स्रोतको दावी छ ।

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी काठमाडौं ।

विद्युतीय बोलपत्र आह्वानको सूचना

प्रकाशित मिति: २०७७/१२/११ (Mar-24,2021)

यस कार्यालयको तपशिल बमोजिमको कार्यहरु विद्युतीय बोलपत्र (E-Bid) को माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत प्राप्त निर्माण ब्यबसायीहरुबाट रितपूर्वक बोलपत्र आव्हान गरिएको छ । विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेवसाईट www.tokhamun.gov.np मा हेर्नुहुन समेत सूचित गरिन्छ ।

ठेक्का नं.	खरिद सम्बन्धी बिवरण	फाराम दस्तुर (रु.)	जमानत रकम (रु.)	बोलपत्र जमानत मान्य अवधि	पेश गर्ने अन्तिम मिति र समय	खोलिने मिति र समय	लागत अनुमान रु. (VAT र PS बाहेक)
43/NCB/TM/W/2077-78	Gairigau Pool-Gairigau chowk-Jalpachowk-Baniyatar Pipalbot jane sadak kalopatre tatha Dhalan, ward 08	३,०००	२,५८,०००.००	१२० दिन	बैशाख १२, २०७८ (April-25, 2021) मध्यान्ह १२ बजे	बैशाख १२, २०७८ (April-25, 2021) दिनको १ बजे	९३,३५,४५५.०६
44/NCB/TM/W/2077-78	Kharibot-Chaukitarfa-Kharibot-Mahendrasor jane sadak Kalopatre, ward-10.	३,०००	२,०७,०००.००	१२० दिन			७४,६२,५२७.९२
45/NCB/TM/W/2077-78	Baikunthapuri Awas chetrama sadak upgrade, ward-11.	३,०००	२,३२,०००.००	१२० दिन			८३,५२,८८२.०१

दोधारा चाँदनीमा रैथाने बिउ प्रदर्शनी मेला

■ आर्थिक संवाददाता
कञ्चनपुर, चैत १०

दोधारा चाँदनी नगरपालिकाले रैथाने जातका बिउ बिजनलाई जोगाउन बिभिन्न २ सय ५० भन्दा बढी जातका स्थानिय/रैथाने बिउ प्रदर्शनी गरेको छ । दोधारा चाँदनी नगरपालिका कार्यालय, जनजाग्रती बिकास समाज दोधारा चाँदनी, दोधारा चाँदनी कृषी बहुउद्धेश्यीय सहकारी संस्था, सामाजिक सेवा अध्यन केन्द्र ललितपुरको आयोजनामा मंगलबार स्थानिय/रैथाने बिउ प्रदर्शनी मेला आयोजना गरिएको हो ।

स्थानिय/रैथाने बिउको संरक्षण र बिउ बैंक स्थापनाको लागी मेलाको प्रदर्शनी गरिएको आयोजक संस्थाले जनाएको छ । प्रदर्शनीमा दोधारा चाँदनी नगरपालिका वडा नं. ६, ७, ८, ९ र १० वडाका किसानहरूले रैथाने बिउहरु प्रदर्शन गरेका थिए । केराउका बिउ, जउको बिउ, सिमी लगाएत बिउहरु प्रदर्शनीमा समाबेस गरिएको जनजाग्रती बिकास समाज दोधारा चाँदनीका अध्यक्ष मान बहादुर रानाले बताए । उनका अनुसार जुम्ला, मुगु, दैलेख, बर्दिया र सुर्खेतका किसानहरूले ल्याएका रैथाने जातका बिउ प्रदर्शनीमा समाबेस गरिएको थियो । सदियौ देखि यहाँको माटोमा निरन्तर आफूलाई जोगाउन सफल भएको रैथाने जातका बिउ रहेको उनको भनाई रहेको छ । मौसम परिवर्तनसंगै किसानले रोप्दै आएको रैथाने अन्नबाली विस्थापित भएपछि दोधारा चाँदनी नगरपालिका कार्यालयको पहलमा रैथाने बिउ बचाउने अभियान अन्तर्गत बिउ बैंक स्थापना गर्ने योजनामा रहेको दोधारा चाँदनी नगरपालिका कार्यालय कृषी शाखाका शाखा प्रमुख कमलापती भट्टले बताए ।

भट्टले स्थानिय/रैथाने बिउ प्रदर्शनी मेलाले किसानहरुमा रैथाने बिउ जोगाउने उत्साह जागेको बताए । मेलामा ठुला संख्यामा स्थानियहरूले बिउको बारेमा जानकारी लिन पाएको र मेला सफल भएको उनको भनाई रहेको छ । केही बर्ष अघिसम्म बिउमा आत्मनिर्भर रहेको दोधारा चाँदनी नगरपालिकाका किसान अहिले हाईब्रिडकै भर पर्न थालेका छन् । त्यसले उत्पादनमा हस मात्रै ल्याएको छैन, लाखौं रूपैयाको बिउ भारतवाट ल्याउनु पर्ने बाध्यता सृजना गरेको छ । दोधारा चाँदनी नगरपालिका क्षेत्रमा भौगोलिक परिवेश अनुसार मकै, धानका अनगिन्ती प्रजाती, दाल, सिमी, तोरी सम्मका स्थानीय जातलाई हाईब्रिडले प्रतिस्थापन गरेको छ । नगर क्षेत्रमा केही रैथाने जातका बिउ लोप भएको जानकारहरु बताउँछन् । हत्तपत्त रैथाने बिउहरु रोपेको खेतीमा रोगले समाउदैनथ्यो तर पछिल्लो समय भित्रिएका हाईब्रिडमा बिषादी नहाली बाँच्नै नसक्ने स्थानियहरुको भनाई छ ।

भवन निर्माणका लागि राष्ट्रिय सहकारी बैंकले बनायो कार्यदल

■ आर्थिक संवाददाता
ललितपुर, चैत १०

राष्ट्रिय सहकारी बैंक लिमिटेडले केन्द्रीय कार्यालय भवन निर्माण प्रक्रिया अगाडि बढाएको छ । बैंकको १७ औं वार्षिक साधारणसभाले जग्गा खरिद गरी भवन निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरे लगत्तै जग्गा खरिद गरेको बैंकले केन्द्रीय कार्यालय भवन निर्माणका लागि कार्यदल गठन गरेको हो ।

बैंकका सञ्चालक रामहरि बजगाईको संयोजकत्वमा गठित भवन निर्माण कार्यदलमा सञ्चालकहरु ज्ञान बहादुर तामाङ, पार्वती थापा र केदार मानन्धर सदस्य रहेका छन् । सञ्चालक समितिको बैठकले गठन गरेको कार्यदलको सदस्य सचिवमा वैंकका प्रवन्धक मोहन बहादुर कार्की रहेका छन् । बैंकले काठमाडौंको टेकुमा २ रोपनी १ आना २ पैसा क्षेत्रफलको जग्गा २० करोड ६० लाख २५ हजार रूपैयामा खरिद गरेको थियो । आफ्नै कार्यालय भवन निर्माण गरेर बैंकको सेवालाई थप प्रभावकारी रूपमा अगाडि बढाउनका लागि धेरै पहिलेदेखि पहल गर्दै आएको बैकका अध्यक्ष के.बी. उप्रेतीले बताए । उनले भने, 'यसपटक जग्गा खरिद गरी भवन निर्माण कार्य अगाडि बढाउने निर्णय गरिएको छ । अब छिटै बैंकको आफ्नै केन्द्रीय कार्यालयको भवन निर्माण गरेर त्यहिबाट सेवा सञ्चालन गर्नेछौ ।' ६८ वटा शाखामार्फत देशभरका सहकारी संघ संस्थाहरूलाई सेवा प्रदान गर्दै आएको बैंकमा हाल करिव १३ हजार सहकारी संघ संस्था शेयर सदस्य रहेका छन् । बैंकमा २ अर्ब ८५ करोड शेयर पूँजि, ६० अर्ब निक्षेप र ३३ अर्ब कर्जा लगानी रहेको बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले जानकारी दिए । बैंकले वित्तीय सेवासंगै सहकारी संघ संस्थाहरूको संस्थागत विकास, सहकारी शिक्षा सहकारीकर्मीहरूको क्षमता विकास, नेतृत्व विकास लगायत सहकारीको सुशासनलाई व्यवस्थित गराउने उद्देश्य सहित तालिम तथा स्तरीकरण कार्यक्रम समेत सञ्चालन गर्दै आएको जनाएको छ ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको सार्वजनिक गरिएको विवरण

१७ मंसिर २०७७ देखि १६ फाल्गुण २०७७ सम्म

१. **निकायको स्वरूप र प्रकृति** : "क" वर्गको वाणिज्य बैंक
२. **निकायको काम, कर्तव्य र अधिकार** : बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भए बमोजिम ।
३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण** : कर्मचारी संख्या १११२ रहेको र कार्य विवरण बैंकले तोके अनुसार रहेको ।
४. **निकायबाट प्रदान गरिने सेवा** : बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम "क" वर्गका बैंकले दिन सक्ने सर्म्पूण बैंकिर सेवाहरू ।
५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी** : सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरूको विवरण बैंकको वेभसाईट www.nabilbank.com/branches-atms मा उपलब्ध छ ।
६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि** : बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकको वेभसाईट www.nabilbank.com/disclosures मा प्रकाशित गरिएको छ ।
७. **निर्णय गर्ने प्रकृया र अधिकारी** : बैंकिङ्ग कारोवारका सम्बन्धमा विभिन्न प्रकारका विभिन्न तहका अधिकारीहरूले निर्णय गर्न सक्ने प्रकृया मिलाईएको छ । प्रमुख कार्यकारी अधिकृत तथा बैंकको संचालक समिति अन्तिम निर्णयकर्ताको रूपमा रहेको छ ।
८. **निर्णयउपर उजुरी सुन्ने अधिकारी** :
श्री निरज शर्मा
प्रमुख संचालन अधिकृत
नबिल बैंक लिमिटेड, प्रधान कार्यालय, वीणा मार्ग, तीनधारा, काठमाण्डौं
फोन नं. ०१-४२२७१८१, ०१-४२२१७१८, ईमेलः info@nabilbank.com
९. **सम्पादन गरेको कामको विवरण** : बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम "क" वर्गका बैंकहरूले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोवारहरू सम्पादन भईरहेको छ ।
१०. **सूचना अधिकारी र प्रमुखको नाम र पद** :
सूचना अधिकारी : श्री सुरेश प्रसाद त्रिपाठी
पद : प्रमुख संचालन विभाग
साथै यस बैंकका शाखा कार्यालयहरूमा सम्बन्धित शाखा प्रमुखहरूलाई सूचना अधिकारीको रूपमा कार्य गर्ने गरी तोकिएको छ ।
प्रमुखको नाम र पद : श्री अनिल केशरी शाह, प्रमुख कार्यकारी अधिकृत
११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची** : प्रचलित सम्पूर्ण ऐन, नियम विनियम र निर्देशिकाहरू बैंकले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरू बैंकिङ्ग कार्यका लागी प्रमुख रूपमा रहेका छन् ।
१. बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तिय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ति शुद्धिकरण(मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोवार ऐन, २०६३
९. विनिमय अधिकारपत्र ऐन, २०३४
१०. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ आदी ।
११. उपरोक्त ऐनहरू बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरू
१२. नेपाल राष्ट्र बैंकको सम्पूर्ण निर्देशिकाहरू
१२. **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण** : बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरू राष्ट्रिय स्तरको पत्र–पत्रिकामा प्रकाशित हुदैं आएको छ र बैंकको वेभसाईट www.nabilbank.com मा समेत रहेको छ ।
१३. **तोकिए बमोजिमका अन्य विवरण**: नियमानुसार तोकिए बमोजिमको अन्य विवरणसमेत राष्ट्रियस्तरको दैनिक पत्रिकाहरूमा प्रकाशन गर्नुका साथै बैंकको वेभसाईट www.nabilbank.com मा समेत राख्ने गरिएको छ ।
१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण** : यस बैंकले बैंकिङ्ग कारोवार सम्बन्धी कार्य गर्दै आएको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन ।
१५. **सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण** : यस बैंकको वेभसाईट www.nabilbank.com रहेको छ ।
१६. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र संझौता सम्बन्धी विवरण** : बैंकको सामान्य क्रियाकलापको क्रममा लिएको ऋण र सक्षम एक्सेस टु फाइनान्स नामक संस्थाबाट प्राप्त अनुदान बाहेक अन्य केही नरहेको ।
१७. **सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः** यस बैंकले बैंकिङ्ग कारोवार सम्बन्धी कार्य गर्दै आएको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन ।
१८. **सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि** : सूचना वर्गिकरण गरिएको अवस्था नभएको । सूचनाको अनधिकृत प्रकाशन र प्रसारण नहुनेगरी संरक्षण गरिएको ।
१९. **सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण** : १७ मंसिर देखि १६ फाल्गुण २०७७ सम्म माग गरिएको सूचना सम्बन्धिको विवरण यस प्रकार रहेको छ :

क्र. सं	सूचना माग गर्नेको नाम, ठेगाना र सूचना माग गरेको मिति	माग गरिएको सूचनाका संक्षिप्त विवरण	सूचना दिए नदिएको र सो निर्णयको मिति	कार्यालय प्रमुख वा सूचना अधिकारी मध्ये कुन तहबाट सूचना दिएको	सूचना नदिएको भए सो को कारण
१.	नामः श्री अंगराज भारती ठेगाना : नयाँ ठिमी, भक्तपुर मिति : २०७७/१०/०५	बैंकले २०७४/७५ र २०७५/७६ मा उत्पादनशील क्षेत्रमा गरेको लगानीको मासिक विवरण	यस बैंकले मितिः २०७७/१०/०५ मा सूचना दिएको	सूचना अधिकृत	

२०. **सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण** : वार्षिक विवरणहरू पुस्तकको रूपमा प्रकाशित भई बैंकको वेभसाईट www.nabilbank.com मा समेत प्रकाशन गरिएको छ । साथै बैंकको आर्थिक विवरणहरू त्रैमासिक रूपमा विभिन्न राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गरी बैंकको वेभसाईटमा समेत प्रकाशन गर्दै आएको छ ।

NABIL BANK®
प्रधान कार्यालय, तीनधारा, दरबारमार्ग, काठमाडौं, नेपाल, फोन नं. ४२२७१८१

चाहना पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : कुपण्डोल, ललितपुर, फोन : ०१-५९०२१३६, फ्याक्स : ०१-५९०२१३९ E-mail : aarthik.dainik@gmail.com, मुद्रण : एक्सप्रेस कलर प्रेस, बुद्धनगर, सम्पादक : प्रल्हाद रिजाल